जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

वर्ष १३ • अंक ३११ • २०८३ भदौ १४ गते आइतवार • 30 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## प्रादेशिक अस्पताल जलेश्वरमा वृहत सरसफाई गरियो



अस्पतालको सरसफाईपश्चात सामुहिक तस्वीर खिचाउँदै तथा सरसफाईगर्दै सुरक्षाकर्मी, रेडक्रसकर्मी, स्वास्थ्यकर्मी तथा नगरपालिकाका कर्मचारीहरु । तस्वीर : नागेन्द्रकुमार कर्ण

**नागेन्द्रकुमार कर्ण**
**महोत्तरी, १३ भदौ**

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा रहेको प्रादेशिक अस्पताल जलेश्वरमा शनिबार वृहत सरसफाई कार्यक्रम गरिएको छ ।

जलेश्वर नगरपालिका तथा रेडक्रसको सहयोग तथा प्रादेशिक अस्पताल जलेश्वरको समन्वयमा अस्पतालमा सरसफाई कार्यक्रम गरिएको अस्पतालका निमित्त कार्यालय प्रमुख डा.संजयकुमार यादवले जानकारी दिनुभयो । सर सफाईको क्रममा अस्पताल परिसर, उपचार कक्ष आसपास, बाटो, खुला क्षेत्र तथा फोहोर जम्मा हुने स्थानमा सरसफाई गरिएको थियो ।

अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष रोहित प्रसाद ठाकुरको अध्यक्षतामा भएको सरसफाई कार्यक्रममा जलेश्वर नगर पालिकाका नगरप्रमुख सुरेश साह सोनार, रेडक्रस महोत्तरीका सभापति दिपक मिश्र, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, जलेश्वर नगर पालिकाका कर्मचारी तथा अस्पतालका कर्मचारीहरु सरसफाई कार्यमा भाग लिएका थिए ।

अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष रोहित प्रसाद ठाकुरले अस्पतालजस्तो संवेदनशील स्वास्थ्य संस्थाको वातावरण स्वच्छ राख्न नियमित सर सफाई आवश्यक हुने भएकाले कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो । उहाँले अस्पतालमा सरसफाईको व्यवस्थापन राम्रो बनाउन हरेक महिना सरसफाई कार्यक्रम आयोजना गर्ने आफुहरुको लक्ष्य रहेको बताउनुहुदै सोही अनुसार कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो ।

जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनारले जनताको जीवन र स्वास्थ्यसँग जोडिएको अस्पतालमा सरसफाई हुनु जरुरी रहेकोले सर सफाई कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, 'दैनिक ठूलो संख्यामा बिरामी, कुरुवा तथा सेवाग्राही आउने भएकाले अस्पताल परिसरको सरसफाईले स्वास्थ्य सेवाको गुणस्तरमा समेत सकारात्मक प्रभाव पार्ने उद्देश्यले सर सफाई गरिएको छ ।'

सफाईपश्चात संकलन भएका फोहर हरुलाई नगरपालिकाकै टयाक्टर हरुबाट विसर्जनको कार्य गरिएको बताउनुहुदै नगरप्रमुख सोनारले अस्पताल परिसर सफा राख्नु रोग संक्रमण नियन्त्रणका दृष्टिले महत्वपूर्ण भएकोले पनि सरसफाईमा ध्यान दिन अस्पताललाई आग्रह गर्नुभएको थियो ।

कार्यक्रममा रेडकस सोसाइटी महोत्तरीका अध्यक्ष दिपक कुमार मिश्रले अस्पतालमा जथाभावी फोहोर नफाल्ने, फोहोरलाई तोकिएको स्थानमा राख्ने तथा सरसफाईमा सहयोग गर्ने बानी बसाल्न जरुरी रहेको बताउनुहुदै अस्पतालले पनि फोहर व्यवस्थापन कार्यको विकास गर्न आग्रह गर्नुभयो । उहाँले ठाउँ ठाउँमा फोहर व्यवस्थापनको लागि डष्टविन राख्ने तथा फोहरजन्य वातावरण बनाउने किसिमको पर्चा, पम्पलेट तथा अन्य चिन्हहरु राख्न आग्रह गर्नुभयो ।

अस्पताल परिसरलाई सफा, स्वच्छ र व्यवस्थित बनाउने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा ३२ जना नेपाली सेना, १६ जना नेपाल प्रहरी, १२ जना सशस्त्र प्रहरी तथा नगरपालिकाका कर्मचारी, अस्पतालका कर्मचारी, स्वास्थ्यकर्मी, रेडक्रसकर्मी तथा विभिन्न सरोकार वालाको सहभागिता रहेको थियो ।

## समाजवादलाई सशक्त बनाएर अघि बढ्नुपर्छ : माधव नेपाल



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, १३ भदौ**

नेपाली कम्युनिष्ट पार्टीका सह-संयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पुँजीवाद र समाजवाद मध्ये समाजवाद लाई सशक्त रूपमा अघि बढाउनुपर्ने बताएका छन् ।

पुष्पलाल श्रेष्ठको ४८ औं स्मृति दिवसका अवसरमा पुष्पलाल मित्र केन्द्रले शनिबार जनकपुरधाममा आयोजना गरेको 'वर्तमान राजनीतिक परिस्थितिमा वामपन्थी दलको भूमिका' विषयक विचार गोष्ठीमा बोल्दै नेपालले नेताको बोली र व्यवहारमा एकरूपता हुनुपर्नेमा जोड दिए ।

उनले विगतका कम्युनिष्ट नेतृत्वका सरकारले कुनै काम नगरेको भन्ने भाष्य गलत भएको दाबी गरे। उनका अनुसार कम्युनिष्ट सरकारका पालामा ६२ हजार सुकुम्बासीलाई लालपुर्जा वितरण गर्नुका साथै सामाजिक सुरक्षा भत्ता लागू गरिएको थियो।

त्यस्तै, विकेन्द्रीकरणको नीति अन्तर्गत 'आफ्नो गाउँ आफैं बनाऔं', ' तथा जनता आवास जस्ता जनमुखी कार्यक्रम सञ्चालन गरिएको नेपालले बताए ।

कमलैया र कमलरी मुक्ति, दलित तथा मुस्लिम समुदायलगायत पछाडि परेका वर्गका छोराछोरीलाई निःशुल्क शिक्षा लगायतका कार्यक्रम पनि कम्युनिष्ट नेतृत्वका सरकारले अघि बढाएको उनको दाबी थियो।

हुलाकी राजमार्ग, फास्ट ट्र्याक तथा मदन भण्डारी मध्यपहाडी लोकमार्ग निर्माणलगायतका महत्वपूर्ण विकासका कामसमेत कम्युनिष्ट नेतृत्वका सरकारका पालामा भएको उनले बताए ।

नेपालले राजनीतिक नेतृत्वले भाषणमा मात्र नभई व्यवहारमा पनि इमानदारिता देखाउनुपर्ने बताए। देशको समृद्धि र विकासका लागि इमानदार भएर अघि बढ्नुको विकल्प नरहेको उनको भनाइ थियो। 'मानिसले केही लिएर जाँदैन भन्ने कुरा रसुवाको बाढीले पनि देखाएको छ,' नेपालले भने, 'त्यसैले देशको समृद्धि र विकासका लागि अब इमानदारिताका साथ अघि बढ्नुपर्छ।'

नेपाली कम्युनिष्ट पार्टीका मधेश संयोजक महेन्द्र रायले कम्युनिष्ट पार्टीहरू पटक-पटक विभाजित हुँदै आएकाले कमजोर बनेको बताए। उनले वर्तमान अवस्थामा कम्युनिष्ट तथा लोकतान्त्रिक शक्तिहरू बीच एकता आवश्यक रहेको धारणा राखे । पुष्पलाल मित्र केन्द्रका केन्द्रीय उपाध्यक्ष यदुवंश झाको अध्यक्षतामा भएको कार्यक्रममा वामपन्थी नेताहरू रत्नेस्वर लाल गोइत,रोशन जनकपुरी, झल्कु यादव, किरण कर्ण लगायतले वामपन्थी एकता केवल सत्ता र शक्तिका लागि नभई जनताको जीवनमा परिवर्तन ल्याउने उद्देश्यमा केन्द्रित हुनुपर्ने धारणा राखेका थिए ।




## गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं

- कुनै पनि समाचार वा सूचना सार्वजनिक गर्नु अघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन,सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट,भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो,भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेबार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्वन्धित निकायलाई जानकारी दिऔं ।

**सत्य,तथ्य र जिम्मेबार सञ्चार संस्कृतिको विकास गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सरकार त्रिशूलीमै अड्किँदा रसुवामा उद्धार सुस्त, पुगेन राहत

रासस
काठमाडौं, १३ भदौ

भोटेकोशी बाढी प्रभावितहरूको उद्धार, उपचार, अस्थायी आवासलगायतबारे दिनहुँ सामाजिक सञ्जालबाट जानकारी दिइरहेका प्रधानमन्त्री बालेन्द्र शाह आफैं पनि नुवाकोट पुगे ।

पूर्वाधारमन्त्री सुनील लम्सारलाई साथमा लिएर बिहीबारै प्रभावित क्षेत्रको अवलोकन गर्न प्रधानमन्त्री बालेन नुवाकोटको सैनिक तालिम केन्द्र पुगेका थिए। प्रधानमन्त्री फर्किएपछि अन्य मन्त्री र सांसदहरू त्रिशूली, बट्टारलगायत क्षेत्रको अवलोकनमा गइरहेका तस्बिर सार्वजनिक भएका छन् । औपचारिक पोसाकमै नुवाकोट पुगेका सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना आफैं चामल बाँड्न खटिएको भन्दै आलोचना भइरहेको छ। राहत टोलीको प्राथमिकता, नेता तथा सामाजिक अभियन्ताको उपस्थिति र राष्ट्रिय-अन्तर्राष्ट्रिय मिडिया कभरेज हेर्दा यो विपत्तिको केन्द्र एकप्रकारले नुवाकोट जस्तो देखिएको छ।

जबकि भोटेकोशी बाढीबाट सबैभन्दा ठूलो क्षति रसुवा जिल्लामा पुगेको छ। नौकुण्ड गाउँपालिकाबाहेक यहाँका सबै पालिकाको स्थिति भयावह छ।

नदी किनारका बस्तीहरूबाट थोरै संख्यामा मात्र मानिस सम्पर्कमा आएका छन्। तर अहिलेसम्म रसुवातर्फ निश्चित ( हेलिकप्टरबाट जाने सेना, प्रहरी र सशस्त्र प्रहरी) उद्धारकर्मीबाहेक अरू छिर्नै सकेका छैनन्। उत्तर गया गाउँपालिका अध्यक्ष माधव अर्याललले आफ्नो पालिकाको उद्धारका लागि बल्ल हेलिकप्टर आउन थालेको बताए।

'खोला किनारमा शव गन्हाउन थालिसक्दा बल्ल राज्यको ध्यान तानियो,' अर्याललले शनिबार दिउँसो अनलाइनखबरसँग भने, 'आज निकै धेरै हेलिकप्टर उडिरहेको छ।' सडक सञ्जाल टुटेकाले रसुवाको उद्धार, उपचार, राहत र अस्थायी सुरक्षा सबै हेलिकप्टरमा आधारित हुनुपरेको छ। सञ्चार, बिजुली, खाद्यान्न आपूर्ति सबै अवरुद्ध छ।



गृहमन्त्री सुधन गुरुङ बेपत्ताको खोजीमा आफैं खटिएको सन्देश दिइएको छ। तर प्राविधिक जनशक्तिले गर्नुपर्ने काममा गृहमन्त्री आफैं सहभागी हुँदाको प्रचारप्रति त्यति सकारात्मक टिप्पणी आइरहेको छैन।

विशेषगरी रसुवाको तल्लो तटीय क्षेत्र (बेत्रावती, नौबिसे, कैडलीटार, सल्लेटार, मैलुङलगायत) मा राज्यको उपस्थिति शून्य रहेको त्यहाँका जनप्रतिनिधिले बताइरहेका छन्। नागरिकलाई बचाउने कार्यलाई संघीय सरकारले प्राथमिकता नदिएको भन्दै उत्तर गया गाउँपालिका अध्यक्ष अर्याललेचर्को आक्रोश पोखेका थिए।

कुराकानीका क्रममा आक्रोश पोख्दा गृहमन्त्रीको सचिवालयबाट चेतावनी दिइएको जानकारी अर्याललले आफैं सामाजिक सञ्जालमा लेखेका छन्।

उद्धार कार्यमा सरकारले सानो संख्यामा उद्धारकर्मी परिचालन गर्दा यस्तो संकट आएको हुनसक्ने स्थानीयको भनाइ छ। 'स्याफ्रुबेसी, टिमुरेतिर उद्धार गर्दै समय लाग्यो। त्यहाँ उद्धार गर्नैपर्ने थियो। तर जनशक्ति र हेलिकप्टर बढाएर अरूतिर पनि गर्न सकिन्थ्यो, त्यो भएन,' पहिचान खुलाउन नचाहेका एक अगुवाले भने।

ती अगुवाका बुझाइमा सेना र प्रहरीको संख्या पनि कम भयो। 'प्रधानमन्त्रीले दिएको जानकारीअनुसार पनि उद्धारमा खटिएको सेना-प्रहरीको संख्या थोरै भयो। अझ बढाएर भए पनि उद्धार गरिनुपर्थ्यो,' उनी भन्छन्।

प्रधानमन्त्री बालेनका अनुसार खोज तथा उद्धारका लागि शुक्रबार थप दुई हजार सुरक्षाकर्मी बढाइएको थियो। बढाइएको संख्याअनुसार प्रहरी ७,२५०, सेना ४,२०० र सशस्त्र प्रहरीका १,८४५ गरी जम्मा १३ हजार २९५ जना उद्धार तथा खोजी कार्यमा परिचालित थिए।

बेपत्ता भएकाहरूको अनुमानित संख्या र भौगोलिक अवस्थालाई हेर्दा उद्धारमा खटिएकाहरूको संख्या पर्याप्त देखिँदैन। स्थानीय सर्वसाधारण, जनप्रतिनिधि र सरकारी अधिकारीले अनुमान गरेको बेपत्ता संख्याको तुलनामा उद्धार कार्य असाध्यै थोरै छ।

जिल्ला प्रशासन कार्यालय रसुवाले शुक्रबार दिउँसो ४:३० बजेसम्म राखेको तथ्यांकअनुसार सरकारले ६५४ जनाको उद्धार गरेको छ। स्थानीय अधिकारी भने बेपत्ता भएका मानिसको तुलनामा उद्धार संख्या असाध्यै थोरै भएको बताउँछन्।

प्रधानमन्त्री बालेनले भने शुक्रबार सम्म ४ हजार ४५१ जनाको उद्धार भएको विवरण फेसबुकमा राखेका छन्।

अर्थात् रसुवाबाहेक अन्य जिल्लाबाट धेरै उद्धार भएको बुझ्न सकिन्छ। प्रधानमन्त्रीले अर्को जानकारी पनि दिएका छन् । उनका अनुसार धुन्चे, त्रिशूली, टिमुरे, स्याफ्रुबेसीलगायत क्षेत्रमा फसेकाहरूलाई हेलिकप्टरबाट उद्धार गरिएको हो।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
www.jaleshwortoday.com



## सम्पादकीय

### लास व्यवस्थापन र बेपत्ताको खोजिमा तिब्रता ल्याऔं

रसुवामा आएको बाढीका कारण सहादत प्राप्त नेपाली तथा पर्यटकहरुको लासलाई व्यवस्थापन गर्न अति आवश्यक रहेको देखिन्छ । लासहरु गर्मीका कारण सर्ने गरेको कारण ती लासहरुको डिएनए पहिचान गरी अभिलेख राखी तिनीहरुलाई माटोमा व्यवस्थापन गर्न अति आवश्यक रहेको देखिन्छ। अहिले पनि कति लासहरु माटोमा फसेका छन् भने कति ठाउँहरुमा नेपाल सरकारको तर्फबाट विपद व्यवस्थापनमा खटिएका नेपाली सेना लगायतका व्यक्तिहरु पुग्न सकेका छैनन् । यस कार्यमा नेपाल सरकार तथा विभिन्न सँयन्त्रहरु अझै जिम्मेबार तथा जबाफदेहि हुन जरुरी छ ।

धेरै ठाउँहरुमा हिलो र गहिरो लेदोका कारण उद्धार कार्य प्रभावित भएको छ । अहिले पनि सुरुङभित्र मान्छेहरु फसेका आशँका गरिएका छन् । किनभने कतिपय व्यक्तिहरुका लास भेटेका छैनन् भने ती व्यक्तिहरु सम्पर्कबिहीन छन् । त्यसकारण तिनीहरुलाई बचाउनका लागि विभिन्न प्राविधिक व्यक्ति तथा सहयोगीहरुका सहयोग स्वीकार गर्न आवश्यक रहेको देखिन्छ ।

घरपरिवारका अभिभावकहरु चिन्तित छन् । घरपरिवारलाई अहिले पनि आफ्नो मान्छे फर्केर आउछन् भने आशमा छन् । त्यसकारण अहिले जनताले राहत र उद्धारका लागि सहयोग गर्न अगाडी रहेकाले सरकारले पनि तुरुन्त गर्नुपर्ने काम गर्न जरुरी छ ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
औरही गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: मनमा पछुतो आउने
मिथून: खानपानमा समस्या आउने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: अनावश्यक चिन्ता
तुला: लामो यात्राको योग छ
वृश्चिक: आम्दानी हुने
धनु: शुभ कार्यको शुरुवात
मकर: मित्रतामा फाटो आउने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# चीनको ६ सदस्यीय सुरुङ विज्ञ टोली अपर त्रिशुली-१ को सम्पर्कमा



**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १३ भदौ**

रसुवा बाढीबाट प्रभावित विद्युत् आयोजनामा उद्धारको लागि आएको ६ सदस्यीय सुरुङ विज्ञ टोली २१६ मेगावाटको अपर त्रिशुली-१ परियोजनाको सम्पर्कमा रहेको पाइएको छ ।

यसअघि प्रधानमन्त्री कार्यालयले सो चिनियाँ टोली रसुवास्थित माथिल्लो त्रिशूली ३ 'बी' जलविद्युत् आयोजनाको सुरुङभित्र फसेका मानिसहरूको उद्धारका लागि परिचालन गरेको जानकारी दिएको थियो । तर, प्रधानमन्त्री कार्यालयले दिएको सूचना नै गलत रहेको पाइएको छ ।

सो परियोजनाको सुरुङमा मानिसहरु नै नफसकेको र चिनियाँ टोली परियोजना क्षेत्रमा नपुगेको आयोजना व्यवस्थापनले जानकारी दिएको थियो ।

त्यो चिनियाँ टोली आफूहरूको सम्पर्कमा रहेको तर अन्य आयोजनामा उद्धारमा गए नगएकोबारे आफूलाई जानकारी नरहेको अपर त्रिशुली-१ को निर्माण कम्पनी नेपाल वाटर एन्ड इनर्जी कम्पनीका प्रमुख कार्यकारी अधिकारी गिरिराज अधिकारीले जानकारी दिए ।

यो आयोजनाको सुरुङमा अझै पनि ४ सय मानिस फसिरहेको अनुमान रहेको अधिकारीले जानकारी दिए ।

यो आयोजनाको सिभिल कन्सट्रक्सनको काम 'चाइना रेलवे'ले गरिरहेकाले सोही निर्माण कम्पनीसँगको समन्वयमा चिनियाँ विज्ञहरू आएको उनले बताए ।

'उनीहरू चिनियाँ ठेकेदार कम्पनीको सम्पर्कमा छन्, भोलिबाट फिल्डमा खटिन्छन् होला,' उनले भने ।

# नेपालको विपत्तिमा बलिउड सेलिब्रेटीहरूको सहानुभूति

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ भदौ**

धेरै बलिउड कलाकारले सामाजिक सञ्जालमार्फत नेपालसँगै उभिएको भन्दै विनाशकारी प्राकृतिक विपत्प्रति सहानुभूति व्यक्त गरेका छन् ।

सोनु सुदले नेपालमा राहत र उद्धारमा सघाउने वचन दिएका छन् ।

अनुपम खेर, संजय दत्त, सोनु निगम, कंगना रनावतलगायतले पनि 'प्रे फर' नेपाल भन्दै दुःख व्यक्त गरेका छन् ।

काठमाडौं । नेपालले भोगिरहेको



विनाशकारी प्राकृतिक विपत्प्रति अधिकांश बलिउड कलाकारले सहानुभूति व्यक्त गरिरहेका छन् । केही कलाकारले मानवीय सहायतामा सघाउने बताएका छन् । बलिउड सेलिब्रेटीले सामाजिक सञ्जालबाट यतिबेला नेपालसँगै आफूहरू उभिएको बताएका हुन् । केहीले नेपालसहित तिब्बततर्फ भएको क्षतिप्रति पनि दुःख व्यक्त गरेका छन् ।

सोनु सुद, अनुपम खेर, संजय दत्त, सोनु निगम, अरुण गोविल, फरहान अख्तर, कंगना रनावत, रश्मिका मन्दाना, भूमी पेड्नेकर, चित्रांगना सिन्हा, नोरा फतेही, अनन्या पाण्डे, कीर्ति सेनन, अर्पिता खान, सेफाली शाह लगायतले 'प्रे फर' नेपाल भन्दै सहानुभूति जनाएका छन् ।

सोनु सुदले राहत र उद्धारमा सघाउने वचन दिएका छन् । यति मात्र होइन, अन्य मुलुकका सेलिब्रेटीले पनि नेपालको दुःखमा सहानुभूति व्यक्त गरिरहेका छन् ।

# चिलिमे सुरुङभित्र उद्धार प्रयास गरेको पर्वतारोही समूह भन्छ- छातीसम्म लेदो छ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १३ भदौ**

चिलिमे जलविद्युत् आयोजनाको सुरुङभित्र फसेका व्यक्तिहरूको खोज तथा उद्धारमा नेपाल नेसनल माउन्टेन गाइड एसोसिएसनका पर्वतारोही तथा सिम्रिक हेलिकप्टरको टोलीले सुरुङभित्र पुगेर अवस्थाको मूल्याङ्कन गर्दै उद्धार प्रयास गरेको छ ।

टोलीले सुरुङभित्रको अवस्थाको निरीक्षण गर्दा गहिरो हिलो, माटो तथा लेदोले सुरुङ पूर्ण रूपमा अवरुद्ध भएको बताएको छ ।

डोरीको सहायताले सुरक्षित रूपमा अघि बढ्दै टोली करिब १२० देखि १३० मिटर सुरुङभित्र प्रवेश गरेको थियो । तर छातीसम्म आउने हिलोका कारण थप अघि बढ्न अत्यन्त कठिन भएपछि पूर्ण रूपमा अवरुद्ध भएको स्थानसम्म पुग्न नसकिएको टोलीले जनाएको छ।

उद्धारलाई थप प्रभावकारी बनाउन अब होज पाइप तथा पम्प/मोटर प्रणाली प्रयोग गरी सुरुङभित्र जमेको



हिलो र लेदो हटाउने पर्ने र अवरुद्ध भाग सफा गर्न सके सुरुङभित्र फसेका व्यक्तिहरूसम्म पुग्ने सम्भावना रहेको टोलीको विश्वास छ।

आजको खोज तथा उद्धारका क्रममा सुरुङबाहिर एक जना मृत अवस्थामा फेला परेका छन्। नेपाली सेनाको टोलीले शव व्यवस्थापन गरी घटनास्थलबाट बाहिर ल्याएको ल्याएको थियो ।

नेपाल सरकारले जहाँ र जुनसुकै समयमा परिचालनका लागि आह्वान गरे पनि खोज तथा उद्धार कार्यमा सहयोग गर्न आफूहरू तयार रहेको टोलीले जनाएको छ। टोलीमा पर्वतारोही आशिष गुरुङ, दोर्जी शेर्पा, जेन्जेन लामा, सविन ठकुरी, तुलिसिङ गुरूङ र पासाङ तेण्डी शेर्पा थिए ।

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**मनरासिस्वा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।


**अनुरोधकर्ता**
**महोत्तरी गाउंपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# विपदमा पत्रकार र सञ्चारमाध्यमको भूमिका कति महत्वपूर्ण ?



– धर्मेन्द्र झा 'विह्वल'

विपदका समयमा सञ्चारमाध्यम र पत्रकारको भूमिका अघिपछिको भन्दा निकै संवेदनशील, जिम्मेवार र महत्वपूर्ण मानिन्छ । विपदका बेलामा एउटा सही सूचनाले जीवनरक्षा गर्न सक्छ भने एउटा गलत सूचनाले ठूलो अनिष्ट निम्त्याउन सक्छ। यतिमात्र होइन सही उद्देश्य र मनशायले परिचालित भएको पत्रकार र पत्रकारिताले राहत र उद्धारमा प्रभावकारी निर्वाह गर्न सक्छ भने नकारात्मक सोच भएकाको गतिविधिबाट समस्या थप बल्झन सक्छ ।

नेपालमा बुधवार (२०८३ साउन १०) तिब्बततिरबाट भोटेकोशी नदीमा आएको बाढी, जो पछि त्रिशूली र नारायणी नदीमा पनि मिसियो, ले पुऱ्याएको क्षति र त्यसपछि सिर्जित अवस्थाका सन्दर्भमा पत्रकार र सञ्चार माध्यमको भूमिका सम्बन्धमा बहस सुरु भएको छ ।

पछिल्लो समयमा नेपालका थुप्रै पत्रकार न्यू मिडियामार्फत लाइक, शेयर, कमेन्ट र भ्यूतर्फ केन्द्रित भएको पाइँदा यतिखेर नेपाली मिडियाको ठूलो हिस्सा आफ्नो मूल दायित्व र कर्तव्यबाट विमुख भएको हो कि भन्ने अवस्था सिर्जना भएको छ ।

**आचारसंहिता र स्व-नियमन**

रुत्यसो त पत्रकार आचार संहिताको जहिले पनि जुनसुकै बेला पनि महत्वपूर्ण भूमिका हुन्छ तर विज्ञका अनुसार विपदका बेलामा पत्रकार आचारको महत्व अझै बढ्दछ । यस्तो अवस्थामा पत्रकारले विवकेको प्रयोग गर्नु आवश्यक छ । हुन त हामीकहाँ प्रेस काउन्सिल नेपालले जारी गरेको आचारसंहिता कार्यान्वयनमा छ तर विपदका अवस्थामा त्यो संयन्त्रमात्र पर्याप्त नहुन सक्छ ।

निश्चय पनि आचारसंहिताको कार्यान्वयन निकै महत्वपूर्ण हुन्छ । आचारसंहिताको कार्यान्वयनले जहाँ एकातिर मिडियालाई विश्वसनीय र प्रभावकारी बनाउन सहयोग पुर्याउँछ भने अर्कोतिर देश र समाजप्रति जिम्मेबार र उत्तरदायी बन्न पनि प्रेरित गर्दछ । आचारसंहिताको पालन एउटा सञ्चारगृहका लागि जति महत्वपूर्ण हुन्छ, सञ्चारकर्मीका लागि पनि त्यति नै महत्वपूर्ण हुन्छ । यसले एकजना सञ्चारकर्मी वा पत्रकार कति व्यवसायिक र आफ्नो पेशाप्रति कति जिम्मेबार छ भन्ने कुराको मापन पनि गर्दछ ।

पछिल्लो समयमा मिडियामा स्व-नियमनको विषय विश्वव्यापी चर्चामा छ। नेपालमा अलि ढिलो गरी बहस प्रारम्भ भएको स्व-नियमनको सन्दर्भले सरोकारवालालाई सोच्न उत्प्रेरित गरेको छ। शायद अहिलेको भोटेकोशीको बाढी र त्यसपछि सिर्जित अवस्थामा नेपालमा स्व-नियमनको बहस एकपटक पुनः सान्दर्भिक हुन पुगेको छ। नेपालमा यदाकदा स्व-नियमनलाई स्व-नियन्त्रणका रुपमा पनि बुझ्ने गरिएको छ, जो गलत हो । मिडियमा स्व-नियमनको सामान्य अर्थ भनेको मिडिया र मिडियाकर्मीले उत्तरदायी र जिम्मेबार भई आफ्नो काम र भूमिका आफै निर्देशित गर्नु हो । अहिलेको अवस्थामा पत्रकार र मिडियाले हदैसम्मको 'विवेक' प्रयोग गरी स्व-परिभाषित रुपमा सामाजिक उत्तरदायित्व निर्वाह गर्नु अपरिहार्य छ ।

प्राकृतिक वा मानव सिर्जित विपदका बेला नागरिकलाई सही सूचना दिएर ज्यान जोगाउने, उद्धारमा सहयोग पुऱ्याउने र पीडितलाई राहत दिलाउन पहल गर्ने जिम्मेवारी मिडियाको हो । यस्ता घटनामा पत्रकारले समाचार सङ्कलन, सम्पादन र सम्प्रेषण गर्दा विशेष ध्यान दिनुपर्छ । यस आलेखमा विपदका बेला पत्रकार र मिडियाले निर्वाह गर्नुपर्ने भूमिका, अपनाउनुपर्ने सावधानी, सम्प्रेषण गर्नुपर्ने सूचना र सूचना प्रवाह गर्ने तरिकाबारे केही चर्चा गर्ने प्रयत्न गरिएको छ ।

**विपदमा पत्रकारिता : मिडिया र पत्रकारको भूमिका**

प्राकृतिक विपद भन्नाले सामान्यतया बाढी, पहिरो, भूकम्प, वा हिमपहिरो आदि भन्ने बुझिन्छ । यस्ता विपद पूर्वसूचना बिना वा पूर्वतयारी नपुग्दै आउँछन् । हालै तिब्बततिरबाट आएको बाढीले भोटेकोशी, त्रिशूली र नारायणी नदीमार्फत विकराल अवस्थामात्र निम्त्याएन बरु यसले नेपाल भविष्यमा पनि विपदको उच्च जोखिममा रहेको पुष्टि गरेको छ । यस्तो संवेदनशील अवस्थामा सञ्चारमाध्यम (मिडिया) केवल सूचनाको वाहकमात्र नभएर मानवीय सेवा, नागरिक सुरक्षा र संकट व्यवस्थापनको अभिन्न अंग बन्नुपर्छ। शायद विपदमा पत्रकार र सञ्चारकर्मीको सबैभन्दा महत्वपूर्ण भूमिका यही हो ।

विपदका बेला सनसनीपूर्ण समाचार बनाएर पत्रकार र सञ्चार संस्था 'टीआरपी' वा भ्युजका लागि मरिहत्ते गर्ने होइन बल्कि नागरिकको ज्यान जोगाउने र राहत तथा उद्धारलाई प्रभावकारी बनाउने दिशामा केन्द्रित हुनु वाञ्छनीय हुन्छ ।

विपदको समयमा सञ्चारमाध्यमले तीन मुख्य चरणमा काम गर्नुपर्छ, पहिलो, विपदपूर्व, दोस्रो, विपदको समयमा र तेस्रो विपदपश्चात ।

विपद आउनुअघि जल तथा मौसम विज्ञान विभाग वा अन्य सरोकारवालाले संस्थाले उपलब्ध गराएका सूचनालाई पत्रकारले गम्भीरतापूर्वक ग्रहण गरेर सर्वसाधारणले बुझ्ने सरल भाषामा तुरुन्त प्रसार गर्नु आवश्यक हुन्छ । हामीकहाँ विगतमा मेलम्ची नदीमा आएको बाढीबाट जोगाउन स्थानीय रडियोले निर्वाह गरेको सकारात्मक भूमिकालाई उदाहरणका रुपमा लिन सकिन्छ । यसै सन्दर्भमा पत्रकारले सत्य र तथ्यपूर्ण सूचना प्रवाह गरेर आफ्नो भूमिका निर्वाह गनुपर्छ ।

भनिन्छ, पत्रकारितामा जानकारी सत्य र वस्तुनिष्ठ मात्र भएर पुग्दैन, परिपक्व र आवश्यकतामा आधारित पनि हुनुपर्छ। कहिलेकाहीँ सूचना सत्य हुँदाहुँदै पनि त्यसले समाजको तत्कालको आवश्यकतालाई सम्बोधन गर्दैन र त्यसले नकारात्मक प्रभाव पनि सिर्जना गर्न सक्छ भने त्यस्तो सूचना सम्प्रेषण नगर्नु नै उचित हुन्छ । यस्तै अफवाह, भ्रामक खबर र काल्पनिक तथ्याङ्कलाई रोकेर आधिकारिक र प्रत्यक्षदर्शीका आधारमा सत्य सूचना प्रवाह गर्नेतर्फ सञ्चारकर्म केन्द्रित हुनु आवश्यक छ ।

विपदपछिको अवस्थामा उद्धार र राहतमा समन्वय गर्न पनि पत्रकारको भूमिका महत्वपूर्ण हुन्छ। बाढी वा पहिरो प्रभावित क्षेत्रमा अड्किएकाहरुको स्थिति र स्थानबारे उद्धार टोली (सेना, प्रहरी, स्थानीय प्रशासन) लाई खबर पुऱ्याउने र त्यस्ता टोलीबाट आवश्यक जानकारी लिई आमव्यक्तिसमक्ष पुर्याउन पनि मिडियाले पुलको काम गर्नुपर्छ । यस्तै सम्बन्धित निकायलाई जवाफदेही बनाउने सन्दर्भमा पनि पत्रकार र मिडियाको निर्णायक भूमिका हुन सक्ने यथार्थलाई अस्वीकार गर्न सकिँदैन । राहत वितरणमा भएको ढिलाइ, विभेद वा भ्रष्टाचारबारे निगरानी गर्ने र पीडितका आवाज सरकारसम्म पुऱ्याएर मिडियाले आफ्नो कर्तव्य निर्वाह गर्नु आवश्यक छ । यसैगरी विपदको त्रासबीच पनि उद्धारका सफल प्रयास, मानवीय सहायता र एकताका कथाहरू प्रसारण गरी समाजमा धैर्य र आशा जगाउने सन्दर्भमा पनि पत्रकार र मिडियाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।

**पत्रकारले अपनाउनुपर्ने सावधानीहरू**

रुपहिला आफ्नै जीवन : विपदका समयमा एउटा पत्रकारले आफ्नो दायित्व निर्वाह गर्नु निकै चुनौतीपूर्ण हुन्छ । अनेक समस्यासँग जुध्नुपर्ने हुन्छ । कहिलेकाहीँ त समाचार कि जविन महत्वपूर्ण ? भन्ने प्रश्नसँग अल्मलिनुपर्ने पनि हुन सक्छ । यस्तो अवस्थामा काम गर्ने पत्रकारले निश्चय पनि “समाचारभन्दा जीवन महत्वपूर्ण” भन्ने दर्शनमा आधारित रहेर भूमिका निर्वाह गर्नु उचित हुन्छ। पत्रकारले सबैभन्दा पहिला आफ्नै जविनका बारेमा सोच्नु जरुरी हुन्छ । एउटा 'स्कूप'को लोभमा परेर पत्रकारले जीवन गुमाउनु उचित होइन, बरु पत्रकारको जीवन रहे भविष्यमा त्यस्ता अनेकौं स्कूप फेला पर्न सक्छन् भन्ने मान्यता आत्मसात गर्नु आवश्यक छ ।

समाचार संकलनका सन्दर्भमा पत्रकारले जहिल्यै पनि जेखिमपूर्ण स्थानमा जानबाट पन्छिनु उचित हुन्छ। उर्लिरहेको बाढीको किनार, ढल्नै लागेका पुल वा पहिरो झरिरहेको भीरमा गएर रिपोर्टिङ गर्ने वा 'लाइभ' गर्ने जोखिम नलिनु उचित हुन्छ ।

सुरक्षा सामाग्रीको प्रयोगः समाचार संकलनका सन्दर्भमा फिल्डमा जाँदा आफ्नो जीवनरक्षासँग सम्बन्धित विषयमा गम्भीर हुनु अपरिहार्य छ । जीवनरक्षक ज्याकेट, हेल्मेट, बलियो जुत्ता र प्राथमिक उपचार किटजस्ता सामग्रीको जोहो आवश्यक हुन्छ । समूहमा काम गर्नेः विशेषतः विपदका समयमा पत्रकार कहिल्यै पनि एक्लै फिल्डमा जानु उचित हुँदैन । समूहमा काम गर्नु सुरक्षित हुन्छ । आफ्नो अवस्थिति बारे आफना सम्पादक वा सहकर्मीलाई निरन्तर जानकारी गराइराख्नु आवश्यक हुन्छ ।

**मानवीय संवेदना र आचारसंहिता**

रुमाथि पनि चर्चा गरियो, विपदका समयमा पत्रकार आचारसंहिता र मानवीय संवेदनाको अत्यन्त बढी महत्व हुन्छ । पीडितको गोपनीयता र सम्मानको ख्याल गर्नु निकै जरुरी हुन्छ। क्षतविक्षत शव, रुदै गरेका साना बालबालिका वा अचेत अवस्थाका पीडितको तस्वीर/भिडियो सामग्रीको प्रयोगबारे पत्रकार गम्भीर हुनु आवश्यक हुन्छ। यस्तै को सँग र कस्तो अन्तर्वार्ता लिने ? के कुरा गर्ने ? किन र कसरी कुरा गर्ने ? के सोध्ने भन्ने सन्दर्भमा पत्रकार संवेदनशील हुनु जरुरी हुन्छ । भर्खरै आफन्त गुमाएका व्यक्तिलाई “तपाईंलाई कस्तो महसुस भइरहेको छ ?” जस्ता अमानवीय र उद्वेलित बनाउने प्रश्न सोध्नुलाई कुनै पनि हालतमा उचित मान्न सकिँदैन। यस्तै पत्रकारले मानवीय संवेदनालाई उच्च महत्व दिँदै भय उत्पन्न गराउनेखाले सामग्री सम्प्रेषण गर्नु हुँदैन। उत्तेजक शब्द (जस्तैः “सर्वनाश भयो”, “हाहाकार”, “खत्तम भयो, बर्वाद भयो”, “सबै सिद्धियो”) को प्रयोग नगरी शान्त र सन्तुलित भाषा प्रयोग गर्दा त्यसको सकारात्मक प्रभाव पर्नेतर्फ पत्रकार सचेत हुनु आवश्यक हुन्छ ।

**कस्ता सूचना सम्प्रेषण गर्ने ?**

रुएउटा जिम्मेबार पत्रकारले यो प्रश्नको उत्तर खोजेर आफूलाई निर्देशित गर्नु उचित हुन्छ। स्मरण रहोस, विपदका समयमा कस्ता सूचनाको सम्प्रेषण आवश्यक हुन्छ भन्ने निर्क्यौल गरेर पत्रकारले समाचार संकलनमा जुट्नुपर्छ । कस्ता सूचना सम्प्रेषण गर्ने भन्ने सन्दर्भमा यहाँ केही विषय प्रस्ताव गर्ने प्रयास गरिएको छ -

१. विपदको समयमा उपभोक्तालाई मनोरञ्जन वा उत्सुकताभन्दा पनि जीवनोपयोगी सूचना आवश्यक हुन्छ ।

२. आमव्यक्तिलाई तत्काल चाहिने सुरक्षा सूचना जस्तै नदी तटीय क्षेत्रका बासिन्दा कहाँ जाने ? कुन बाटो प्रयोग गर्ने ? कसरी सुरक्षित रहने भन्ने विषय महत्वपूर्ण हुन्छ ।

३. मृत्यु, घाइते, बेपत्ता र भौतिक क्षतिको आधिकारिक र पुष्टि भएको तथ्याङ्कमात्र प्रकाशन/प्रसारण गर्नु उचित हुन्छ ।

४.जिल्ला प्रशासन कार्यालय, रेडक्रस, प्रहरी, एम्बुलेन्स, उद्धार टोली र अन्य सरोकारवाला संस्थाका हेल्पलाइन र सम्पर्क नम्बरहरू प्रसारण/प्रकाशन गर्दा प्रभावित क्षेत्रका वासिन्दालाई निकै मद्दत पुग्न सक्छ ।

५.मौसम र सम्भावित जोखिमको जानकारी नियमितरुपमा गराइर हनु उचित हुन्छ। यसले भविष्यका लागि आवश्यक रणनीति तयार गर्न मद्दत पुग्छ । जस्तै, आगामी २४ देखि ७२ घण्टाको मौसम पूर्वानुमान र बाढीको सम्भावित बहावसम्बन्धी अद्यावधिक जानकारी सम्प्रेषणले ठूलो अर्थ राख्छ ।

६.यस्तै राहत र आश्रयस्थलसम्बन्धी जानकारी सम्प्रेषणले पनि प्रभावित क्षेत्र र व्यक्तिका लागि ठूलो महत्व राख्दछ ।

**सूचना कसरी सम्प्रेषण गर्ने ?**

रुसूचना सही भएर मात्र पुग्दैन, संकट र विपदका बेला सूचना पुऱ्याउने तरिका पनि उत्तिकै प्रभावकारी हुनुपर्छ । पत्रकारले आफुले सम्प्रेषण गर्ने सन्देशका सन्दर्भमा छोटो र सरल वाक्य तथा प्रष्ट भाषाको प्रयोग गर्नुपर्छ । प्राविधिक वा जटिल शब्दावलीको प्रयोगलाई परहेज गर्नुपर्छ ।

सञ्चारकर्मी र सञ्चारमाध्यमले आफ्ना सामग्री सार्वजनिक गर्नुअघि त्यसको पुष्टि गर्नु जरुरी हुन्छ । विपदका बेलामा हल्लाका सामग्री धेरै हुन्छन् । अपुष्ट सूचना सामग्रीको बाढी नै हुन्छ। यतिमात्र होइन, सामाजिक सञ्जालमा आएका पुराना वा अन्य देशका भिडियो/तस्वीरलाई अहिलेकै भनेर पनि प्रशारण गर्ने गरिएको पाइन्छ । यस्ता सामग्रीलाई विनापुष्टि कुनै पनि हालतमा 'स्रोत' बनाइनु हुँदैन । यस्तै दृश्य र आवाजको प्रयोगका सम्बन्धमा पनि पत्रकार र सञ्चार माध्यम जिम्मेबार हुनु जररी छ। त्रास फैलाउने किसिमका पृष्ठभूमि संगीत वा अत्यधिक डरलाग्दा दृश्यहरू प्रयोग गर्नु उचित हुँदैन । मल्टिमिडिया र सामाजिक सञ्जालको सही उपयोगका सन्दर्भमा पनि सूचना सम्प्रेषकले जिम्मेबार हुनु जरुरी छ ।

यसैगरी सम्भव भएसम्म प्रभावित क्षेत्रका स्थानीय भाषामा पनि सूचना रूपान्तरण गरी प्रकाशन/प्रसारण गर्नु राम्रो हुन्छ । स्थानीय भाषाका माध्यमले प्रवाहित भएको सन्देश बढीले बुझ्न सक्ने हुँदा त्यस्ता सामग्रीको प्रभावकारिता बढ्छ ।

अन्त्यमा, भोटेकोशी हुँदै त्रिशूली र नारायणी नदीमा आएको विनाशकारी बाढीले हामीलाई प्राकृतिक विपदको सामना गर्न मिडिया कति तयार हुनुपर्छ भन्ने ठूलो पाठ सिकाएको छ। पत्रकारले संवेदनशीलता, संयमता र सुरक्षालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ। माथि पनि भनियो, गलत सूचनाले मानिसको ज्यान लिन सक्छ भने सही सूचनाले सयौंको जीवन बचाउन सक्छ । त्यसैले, संकटका बेला प्रत्येक पत्रकारले आफ्नो कलम, क्यामेरा र आवाजलाई समाजको सुरक्षा, उद्धार र पुनर्स्थापनाको माध्यम बनाउनुपर्छ । अहिलेको मुख्य आवश्यकता यही हो ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**भंगहा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday